# महाभारत गाउँपालिका
མ་ཧཱ་བྷཱ་ར་ཏ་གཱའུ་པཱ་ལི་ཀཱ།
# गाउँ कार्यपालिकाको कार्यालय
देविटार, काभ्रेपलाञ्चोक
स्था: २०७३

बागमती प्रदेश, नेपाल


च. नं.:-

प. सं.:- २०८२।०८३

## माटो परीक्षण शिविर संचालन सम्बन्धि सूचना

सूचना प्रकाशित मिति २०८२।०९।१३

सूचना नं.०७

प्रस्तुत विषयमा महाभारत गाउँपालिका कृषि विकास शाखाको आ. व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत माटोको स्वास्थ्यमा देखा परेका विभिन्न समस्याहरुको सहि पहिचान गरि समाधान तथा व्यवस्थापन गर्न कृषकहरुलाई आवश्यक प्राविधिक सल्लाह सुझाव प्रदान गर्दै प्राविधिक सेवाको पहुँच विस्तार गर्ने उद्देश्यका साथ माटो परीक्षण शिविर तपसिल अनुसारको मिति, समय र स्थानमा संचालन हुने भएकाले माटोको नमुना संकलन गरि सम्बन्धित स्थानमा उपस्थित भई लाभ लिनुहुन सम्पूर्ण महाभारत गाउँपालिकाबासी कृषकजन लगायत सम्बन्धित सरोकारवालाहरुमा यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

| क्र स | संचालन हुने मिति र समय | संचालन गरिने वडा र स्थान | कैफियत |
|---|---|---|---|
| १. | २०८२।०९।१६ गते, बिहान ११ : ०० बजे | वडा नं.६ बनखु | |
| २. | २०८२।०९।१७ गते, बिहान ११ : ०० बजे | वडा नं. ७ आहालेबाँसपुर | |
| ३. | २०८२।०९।२० गते, बिहान ११ : ०० बजे | वडा नं.४ बुढाखानी | |

**पुनश्च:** थप जानकारीको लागि ९८६५५०५८६४, ९८६६९४९२०२

**बोधार्थ:**

**श्री वडा कार्यालय ४, ६ र ७** - सूचना टाँस गरिदिनुहुन तथा आवश्यक समन्वय गरिदिनुहुन ।

**श्री सूचना प्रविधि शाखा** - यस गाउँपालिकाको आधिकारिक फेसबूक पेज र वेबसाइटमा सूचना राखि दिनुहुन साथै वडा नम्बर ४, ६ र ७ कार्यालयहरुमा ईमेल समेत गरिदिनुहुन ।


राम जनम थारु
कृषि अधिकृत (स्थायी)


राम जनम थारु
कृषि अधिकृत

# माटोको नमुना संकलन गर्ने तरिका

## अन्न र तरकारी बालीको लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, चिरालो पना आदि) भएको जमिनबाट १ वटा नमुना तयार गर्ने ।





एउटा माटोको नमुना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमुना लिनु पर्दछ ।


प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमुना लिने ।







सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।







बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पुन: ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमुना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, चिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।






छनौट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

### माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ:

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई:

थप जानकारीका लागि

**माटो तथा मल परीक्षण प्रयोगशाला**

**हेटौंडा, मकवानपुर**

सम्पर्क नं. ०५७-४१२५३५, ९८५५०६९१६०

वेबसाइट : www.soillab.bagamati.gov.np